# नरहरिनाथ गाउँपालिका

## आर्थिक वर्ष २०८१।८२ को नीति तथा कार्यक्रम

गाउँसभाका सदस्यज्यूहरू,

नरहरिनाथ गाउँपालिकाका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, गाउँसभाका सम्पूर्ण सदस्यहरू, पूर्व जनप्रतिनिधीहरू, कर्मचारी, पत्रकार, सुरक्षाकर्मी तथा सम्पूर्ण उपस्थित महानुभावहरुमा सर्वप्रथम नरहरिनाथ गाउँपालिकाको पन्धौं अधिवेशनमा हार्दिक स्वागत गर्दछु।

नरहरिनाथ गाउँपालिकाको आर्थिक बर्ष २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा गौरवको अनुभूति गरेको छु । यस अवसरमा नेपालको स्वाधिनता र आमुल परिवर्तनका लागि भएको जनआन्दोलन शसस्त्र युद्ध र कर्णाली प्रदेशको राजधानि प्राप्तिको लागि आन्दोलनमा आफ्नो अमुल्य जीवन बलिदान गर्नु हुने सम्पूर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता योद्धाहरु प्रति विशेष स्मरण गर्दै घाइते तथा अपाङ्ग भएका व्यक्तिहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

सम्वत् २०७९ साल बैशाख ३० गते सम्पन्न भएको स्थानीय तहको निर्वाचनबाट निर्वाचित भई कार्यभार समालेको दुई बर्ष पुरा भएको छ ।यस अवधिमा गाउँपालिकाको विकास सुव्यवस्थापन र सुशासन कायम गर्ने दिशामा निकै दुर्गामी र महत्वपूर्ण प्रभाव पर्ने कार्यहरुको थालनि गरिएको छ ।यस कार्यमा गाउँपालिका वासी तथा सरोकारवाला निकायहरुबाट भएको सहयोग सहकार्य र समन्वयका लागि नरहरिनाथ गाउँपालिका धन्यवाद ज्ञापन गर्दछ ।

**अब म यस सम्मानित सभामा चालु आर्थिक बर्ष २०८०/०८१ को नीति तथा कार्यक्रमको प्रगतिको सारसंक्षेप प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

१. गत आर्थिक बर्ष मा भौतिक पूर्वाधार तर्फ कच्चि सडक बिस्तार करिब १५ किलोमिटर निर्माण कार्य गरिएको छ ।त्यसै गरि झोलुङ्गे पुल ४ वटा , नयाँ भवन साना ठुला गरी १० वटा, खानेपानी तर्फ ४ वटा आयोजना, सिचाई कुलो र पोखरी तर्फ ५ वटा सिचाई कुलाहरु र बिभिन्न आयोजनाहरु निर्माण गरिएका छन । जनता तथा विपन्न नागरिक आवस कार्यक्रम अन्तर्गत ३५ वटा घरहरु निर्माणाधिन अवस्थामा रहेका छन ।
२. कालिकोट जिल्लाका ९ वटा स्थानीय तह मध्ये नरहरिनाथ गाउँपालिका स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ८६ अंक सहित प्रथम स्थान हासिल गर्न सफल भएको छ । भने वित्तिय सुशासन जोखिम मुल्याङ्कनमा जिल्लाकै ८३ अंक सहित दोस्रो स्थान हासिल गर्न सफल भएको छ ।
३. गाउँपालिकाको प्रशासकीय भवन निर्माण योजनाको कार्य अन्तिम चरणमा रहेको छ ।



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

४. गाउँपालिका, सैने खोला हुदैं नुवादेवमाडू चसु थेप्चे बडिमालिका सम्म पर्यटकीय सडक निर्माण योजनाको कार्य निर्माणाधिन अवस्थामा रहेको छ ।

५. विश्वकुना पिपल रुख थाडुमाडु देखि रामारोशन सम्म पर्यटकीय सडक निर्माण योजनाको कार्य निर्माणाधिन अवस्थामा रहेको छ ।

६. गाउँपालिका देखि वडा नं. ४ र ५ को रुप्सा जोड्ने सडक निर्माणाधिन अवस्थामा रहेको छ ।

७. माथिल्लो अदेला खानेपानी योजना निर्माण सम्पन्नको अन्तिम चरणमा रहेको छ ।

८. पिपल रुख देखि थाडुमाडु उच्छव रामारोशन सडक निर्माण योजना निर्माणाधिन अवस्थामा रहेको छ।

९. रुप्सा रामारोशन सडक खण्ड सडक निर्माणाधनि अवस्थामा रहेको छ ।

१०. प्राथमिक स्वास्थ्य केन्द्र कुमालगाउँलाई स्तरोउन्नति गरि योगी नरहरिनाथ आधारभूत घोषणा गरिएको छ ।

११. गाउँपालिकाको प्रशासकीय भवन देखि योगी नरहरिनाथ आधारभूत अस्पताल हुदै वडा नं. ६ जोड्नका लागि छेडा सम्म ट्र्याक खोल्ने कार्य समपन्न भएको छ ।

१२. खुलालु देखि बसन्तपुर सम्म सडक निर्माणाधिन अवस्थामा रहेको छ ।

१३. स्वास्थ्य सेवा तर्फ मातृ तथा नवशिशु सुरक्षा कार्यक्रम अन्तर्गत कर्मचारीको व्यवस्थापन स्थलगत अनुशिक्षण कार्यक्रम संचालन गरि स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धि गरिएको साथै ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम मार्फत ४९० जनाले निशुल्क रुपमा गर्भवती जाँच गरी समस्या भएका आमाहरुलाई थप व्यवस्थापनको लागि सम्वन्धित ठाउँमा प्रेषण गरिएको र हाल सम्म मातृ मृत्यूलाई शुन्य अवस्थामा कायम राख्न सकिएको छ ।

१४. नरहरिनाथ गाउँपालिकाको वडा नं. ७ र ९ मा धुम्ति स्वास्थ्य शिविर संचालन गर्दा ५ जना क्षयरोगका विरामि ३० जना उच्च रक्तचाप लगायत अन्य नसर्ने रोगहरुको विरामि पत्ता लगाई उचित व्यवस्थापन गरिएको छ ।

१५. योगी नरहरिनाथ आधारभूत अस्पतालमा आवश्यक ल्याब सामाग्रीको व्यवस्थापन गरिएको छ ।

१६. सूचना प्रविधि तर्फ गाउँपालिकालाई डिजिटल गाउँपालिका गर्ने अवधारणा वमोजिम डिजिटल नागरिक वडापत्र जडान, Sparrow SMS र सफ्टवयेर प्याकेज खरिद गरेर संचालनमा ल्याइएको छ

१७. रोजगार सेवा केन्द्रबाट प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रमबाट २८८ जनाले रोजगारी प्राप्त गरेका छन । भने १७ वटा आयोजनाहरु संचालन गरि विकास निर्माणका कार्यहरुमा सहयोग पुगेको छ ।

१८. नरहरिनाथ गाउँपालिकाको स्थानीय रोजगार रणनीति २०८० तयार भएको छ ।

१९. कृषि तथा पशुपंक्षी सेवा तर्फ स्याउ, ओखर, मकै र दलहन वाली प्रर्वद्धन कार्यक्रम लागत साझेदारीमा संचालन गरी कृषकहरुलाई व्यवसायीक खेति तर्फ आवद्ध गर्ने कार्यहरु गरिएका छन ।साथै खोरेत,पि.पि.आर,रेविजको खोप कार्यक्रम संचालन गरिएको छ ।

२०. दुग्ध विकास कार्यक्रम अन्तर्गत नरहरिनाथ गाउँपालिका वडा नं १ मा ५० घरधुरीले प्रत्येक्ष लाभान्भित भएका छन ।

२१. नरहरिनाथ गाउँपालिका वडा नं ४ र ५ मा भैसी पालन पकेट क्षेत्र घोषणा गरिएको छ ।



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

२२. नेपाल विद्युत प्राधिकरण कालिकोट वितरण केन्द्रको पहल र यस गाउँपालिकाको समन्वयमा वडा नं.१, २, ३, ४, ६, ८ र ९ गाउँपालिकाको केन्द्र सम्म राष्ट्रिय प्रसारण लाइन बिस्तार तथा जडान भएको छ बाकी रहेका वडाहरुमा नयाँ आर्थिक बर्ष भित्र बिस्तार कार्य समपन्न गरि विद्युत सेवा प्रदान गरिनेछ ।

२३. सुनौलो हजार दिनका आमाहरुलाई पोषण सूधारका लागि कुखुरा पालन र तरकारी खेति सम्बन्धी तालिम सहित कुखुराको चल्ला,कृषि सामाग्रि र विउ विजन वितरण गर्नुका साथै विद्यालयका छात्राहरु, बालकल्वका सदस्यहरु र सुनौलो हजार दिनका घर परिवारका सदस्यहरु बिच पोषणको महत्व, असल खानपान र सरसफाई स्वच्छता सम्बन्धि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिएका छन ।

२४. उद्योग विकास शाखाद्वारा संचालित गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम अन्तर्गत स्थानीयस्तरमा खेर गई रहेको स्रोत साधनलाई अधिकतम प्रयोग हुने गरि सोहि समुदायको मागमा आधारित बाँसका सामाग्रिहरु बनाउने र हाउस वायरिङ्ग सम्बन्धी सीप विकास तालिम संचालन गरि २० जना वेरोजगार यूवायवतिलाई रोजगारि सृजना गरिएको छ ।

२५. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत स्तरोन्नति तर्फ नरहरिनाथ गाउँपालिका वडा नं. ४ मा सिलाई कटाई सम्बन्धी सिप विकास तालिम र वडा नं.५ मा संचालित नेपाली हाते कागज उद्योगलाई उपयुक्त प्रविधि हस्तान्तरण गरिएको छ ।

२६. नरहरिनाथ गाउँपालिकामा संचालन गरिएका व्यवसायिकहरुका लागी स्थानीय तहवाट कार्यविधि तयार गरि उद्योग तथा बाणिज्य तर्फका फर्मलाई स्थानीयस्तर बाट नै दर्ता तथा नविकरणको सेवा प्रवाह गरि करको दायरामा वृद्धि भएको छ ।

२७. नरहरिनाथ गाउँपालिका महिला बालबालिका तथा समाज कल्याण इकाईवाट वडा नं. २ र ३ मा हातेवुनाइ तथा होजियारी सम्बन्धी ४५ दिने तालिम संचालन गरि २२ जनालई सीपमुलक तालिम प्रदान गरिएको छ । साथै बालबालिकालाई गाउँपालिकास्तरिय ३ दिने क्षमता विकास सम्वन्धी संचालन गरिएको छ ।

२८. विभिन्न दिवसको अवसरमा नरहरिनाथ गाउँपालिकाबासिहरुलाई जनचेतनामुलक सम्वन्धि कार्यक्रम संचालन गरिएको छ ।

२९. सामुदायीक विद्यालयहरुको कक्षा तथा तह समायोजन गरि संख्यात्मक बोझलाई कम गरि गुणस्तरियतामा जोड दिन १७ वटा विद्यालयको कक्षा तथा तह समायोजन गरिएको छ ।

३०. गाउँपालिकालाई साक्षर गाउँपालिका घोषण गरिएको छ । साथै वडा नं.३ लाई पढाइ कुनायुक्त वडा घोषणा गरिएको छ ।

३१. विद्यालयमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्न विद्यार्थिको संख्या र अन्य आवश्यक्ता हेरि शिक्षकलाई कामकाजमा खटाइएको छ ।

३२. नरहरिनाथ गाउँपालिका वडा नं.१ मा रहेको श्री नन्दादेवी मा.वि. कोटवाडा प्रदेश सरकार सामाजिक विकास मन्त्रालयवाट एक जिल्ला एक नमुना विद्यालय अन्तर्गत कालिकोट जिल्लाको नमुना माध्यमिक विद्यालयको रुपमा घोषणा भएको छ ।

३३. नरहरिनाथ गाउँपालिका वडा नं.१ लाई सरसफाई उन्मुख वडा घोषणा गरिएको छ ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

गाउँसभा सदस्यज्यूहरू,

अब म आगामी आर्थिक बर्ष २०८१/०८२ को गाउँपालिकाको समग्र नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

१. गाउँपालिकाको समग्र नीति

१.१. नरहरिनाथ गाउँपालिका बासीहरुलाई स्वच्छ खानेपानीको प्रार्याप्त आपुर्तिका लागि संघिय सरकार, प्रदेश सरकार र गैह्र सरकारी सेवा प्रदाय संस्थाहरुसँग सहकार्य गरि स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ ।

१.२. प्रविधिमैत्री प्रशासनका माध्यमबाट राजश्वको दायरा फराकिलो बनाइनेछ ।

१.३. नागरिकहरुको आवतजावतमा सहजताका लागि सुनथराली विमानस्थल देखि मान्म सम्म पोडवे **(PODWAY)** का लागि सम्बन्धित निकाय सँग आवश्यक पहल गरिनेछ।

१.४. शिक्षाको गुणस्तर बृद्धि गर्न विद्यालय मर्ज तथा शिक्षक व्यवस्थापन गरिनेछ ।

१.५. एक स्थानीय तह एक प्राविधिक विद्यालयको राष्ट्रिय नारालाई सार्थक पार्न आगामि आर्थिक वर्षमा विशेष पहल गरिनेछ ।

१.६. योजना तर्जुमा, बजेट विनियोजन, कार्यान्वयन तथा अनुगमन एवमं मुल्याङ्कनमा प्रविधिको अधिकतम प्रयोग गरि नतिजामुखी पूजिगत खर्चमा बृद्धि गरिनेछ ।

१.७. प्रत्येक वडाबाट १ जना महिला सदस्य १ जना दलित सदस्य अन्य ३ जना ३० देखि ५० वर्ष भित्रका कार्यदल सदस्य छनौट गरि पालिका भित्रको पूर्वाधार विकासमा परिचालन गरिनेछ ।

१.८. गाउँपालिकाको समग्र सार्वजनिक सेवा प्रवाहमा सुशासनको प्रत्याभुती आम नागरिकलाई गराउन विद्युतीय शासनमा जोड दिइनेछ। साथै सुचना प्रविधिमा आम सर्वसाधारणको पहुँचलाई सुनिश्चित गर्न विशेष जोड दिइनेछ।

१.९. गाउँपालिकाको गरिविलाई न्यूनीकरण गर्न तथा स्वरोजगार सिर्जनाका लागि विकास कार्यहरूलाई लक्षित गरिनेछ।

१.१०. गाउँपालिका अन्तर्गत रहेका वहुवर्षिय र स्रोत सुनिश्चितता प्राप्त योजनाहरु सम्पन्न हुने गरी प्राथमिकताका आधारमा रकम विनियोजन गरेर मात्र नयाँ योजनाहरुमा रकम विनियोजन गरिनेछ ।

१.११. नरहरिनाथ गाउँपालिकाको निर्माण भएको आवधिक गाउँ विकास योजना २०७८/०७९-२०८२/०८३ र मध्यकालिन खर्च संरचना **(MTEF)** तयार गरि पूर्ण रुपमा कार्यन्वयन गरिनेछ ।

१.१२. नरहरिनाथ गाउँपालिका वडा नं. १ मा रहेको लालीघाट कर्णाली नदि किनाराको ढुङ्गा गिट्टि बालुवा को उखन्न सम्वन्धि प्रारम्भिक वातावरणिय प्रभाव मुल्याङ्कन (IEE) गरि पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

१.१३. गाउँपालिका भित्र भु-उपयोग नीति पुर्ण रुपममा कार्यान्वयन गरिनेछ ।

१.१४. विपन्न नागरिक सँग अध्यक्ष कार्यक्रम र कृषक सँग उपाध्यक्ष कार्यक्रमलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

१.१५. नरहरिनाथ गाउँपालिकाका सम्पूर्ण वडा कार्यालयलाई सडक सञ्चालनको पहुँचमा पुर्याउनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

गाउँसभाका सदस्यज्यूहरू,

अव म विषयगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न अनुमती चाहन्छु ।

२. आर्थिक तथा रोजगार नीति

२.१ कृषि, खाद्य तथा पशु नीति

२.१.१. पशुपालन व्यवसायलाई थप गुणस्तरीय र उत्पादनमुखि बनाउन पशु उपचारात्मक सेवालाई प्रभावकारीरुपले निरन्तरता दिईने छ।

२.१.२. ग्रामीण भेगका पशुपालक कृषकहरुको आय स्तर बृदि गर्न सीपमुलक पशुपालन सम्बन्धि तालिमको व्यवस्था गरिनेछ।

२.१.३. पशुपंक्षिको उत्पादनमा वृद्धि गराउन र पशु पोषणमा सुधार ल्याउन उन्नत जातका पोसिला डाले तथा भुई घाँसहरु वितरण गरिनेछ ।

२.१.४. रैथाने पशुपंक्षिको नश्लको संरक्षण गर्न स्थानिय जातको भाले पशुको व्यवस्थापन गरि कृषकलाई पोत्साहन गरिनेछ । साथै उन्नत जातको भाले पशुको विर्य ल्याएर कृत्रिम गर्भाधानको कार्यलाई प्राथमिकता दिईनेछ ।

२.१.५. एकिकृत घुम्ति पशु स्वास्थ्य शिविर संचालन गरि विभिन्न माहामारी रोगहरु जस्तै पि.पि.आर, खोरेत, रेविज, लम्पि स्किन, पार्भो र रानिखेतको प्रकोपलाई रोकथाम गर्न पशुपंक्षि खोप अभियान संचालन गरिनेछ ।

२.१.६. पशुपंक्षि उपचार सेवाको पहुचबाट टाढा रहेका पशुपंक्षिहरुको उपचारका लागि एकिकृत घुम्ति पशु स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२.१.७. दुध प्रशोधन र बजारीकरणका लागी निजी तथा सहकारी क्षेत्र सँगको साझेदारिमा दुध तथा दुग्धजन्य वस्तु उत्पादन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२.१.८. प्राङ्गारिक कृषि उत्पादनमा वृद्धि, हरित क्रान्तिमा आधारित सम्बृद्धि" भन्ने नाराका साथ प्राङ्गारिक कृषि प्रणालीको माध्यामबाट निर्वाहमुखी कृषि पेशालाई व्यवसायिक एवं प्रतिस्पर्धी बनाई कृषकको आय बढाउने नीति अवलम्वन गरिनेछ ।

२.१.९. कृषकहरुका पशुपंक्षिमा लाग्ने रोगहरुको निदान गर्न भेटेरिनरि प्रयोगशालाको व्यवस्थापन गरि प्राविधिकहरुलाई उचित तालिमको व्यवस्थापन गरिनेछ ।

२.१.१०. प्राङ्गारिक कृषि उत्पादनमा वृद्धि, हरित क्रान्तिमा आधारित सम्बृद्धि भन्ने नाराका साथ प्राङ्गारिक कृषि प्रणालीको माध्यामबाट निर्वाहमुखी कृषि पेशालाई व्यावसायिक एवं प्रतिस्पर्धी बनाई कृषकको आय बढाउने नीति अवलम्वन गरिनेछ ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



Scanned with CamScanner

२.१.११. सबै वडामा व्यावसायिक सम्भावनाका आधारमा बाली विशेषका उत्पादन क्षेत्र(पकेट क्षेत्र) घोषणा गरी सोही अनुसार बाली विशेष उत्पादन कार्यक्रम संचालन गरिनेछ।

२.१.१२. कृषिको व्यावसायिकिकरण, आधुनिकिकरण, कृषि उपजको बजारिकरण र कृषकहरुलाई कृषि उपजको उचित मुल्य प्रदान गर्नका लागि कृषक समुहको गठन, पुनःगठन, परिचालन तथा व्यवस्थापनका कार्यक्रम संचालन गरिनेछ।

२.१.१३. नेपाल सरकारले वि.सं.२०८१ देखि २०९१ सम्म को दशकलाई कृषिमा लगानी दशकको रुपमा घोषणा गरेकोले कृषि क्षेत्रमा उपलब्ध अवसरको उपयोग गर्न र चुनौतिहरुको सामना गर्न सरकारी निजि तथा सहकारी क्षेत्रको लगानीमा कृषिको व्यावसायिकिकरणमा आकर्षित हुने कार्यक्रम संचालन गरिनेछ।

२.१.१४. पालिकाको संभाव्यताको आधारमा मकै बाली प्रवद्धन कार्यक्रम,दलहन खेती,तरकारी बाली प्रवर्द्धन,मसला बाली प्रवर्द्धन,रैथाने बाली प्रवर्द्धन,फलफूल बाली प्रवर्द्धन,मौरीपालन तथा जडिबुटि प्रवर्द्धन कार्यक्रम संचालन गरि निर्यात प्रवर्द्धन गरिनेछ।

२.१.१५. प्रत्येक वडामा एक नमुना कृषि फार्म स्थापना गरिनेछ ,त्यस्तो फार्म संचालन गर्ने किसानलाई गुरु किसानको रुपमा पहिचान दिने र आगामी दिनमा उक्त फार्मलाई सिकाई केन्द्रको रुपमा विकास गरिनेछ।

२.१.१६. गुणस्तरिय उत्पादन सामग्रीमा कृषकको पहुच विस्तार गर्न उन्नत बीउ, वेर्ना, दाना, नश्ल लगायतका कृषि सामग्रीहरु स्थानिय तहमै उत्पादनका लागि श्रोत केन्द्र स्थापना गरिनेछ।

२.१.१७. स्थानिय स्तरमा कृषि उत्पादनको प्रशोधन गरी मुल्य बढाउन सकिने साना उद्योग स्थापना तथा संचालनमा सहयोग तथा प्रविधि हस्तान्तरण गरिनेछ ।

२.१.१८. खाद्यान्न बालीमा आत्मनिर्भर बनाउन खाद्यान्न बालिको बिज वृद्धी कार्यक्रम संचालन गरिनेछ ।

२.१.१९. कृषि उपजको बजारीकरण गर्न सामुहिक खेतीलाई प्रोत्साहन गर्ने, बजारीमुखी उत्पादनमा जोड गर्ने,बिक्रि परिमाणमा आधारित प्रोत्साहनको व्यवस्था गर्ने, बजार सूचना प्रणाली (call center) को स्थापना गर्ने, र बजारीकरणमा सहजीकरण गर्न कृषि उपज संकलन तथा मुल्यनिर्धारण समिति गठन गर्ने व्यवस्था मिलाइनेछ।

२.१.२०. कृषि तथा पशुपन्छीजन्य उत्पादनलाई प्रसोधन गरी कृषकलाई उच्च लाभ हासिल गर्न प्रसोधन केन्द्र स्थापना गर्ने उद्यमी,उद्यमी समुह र सहकारी संसथाहरुलाई विशेष अनुदानको व्यवस्था गरिनेछ

२.१.२१. गरेर सिकिन्छ र देखेर विश्वास हुन्छ भन्ने भनाईलाई आत्सात गर्दै पालिकाको हावापानी सुहाउदो व्यावसायिक कृषि क्षेत्रमा अन्तरजिल्ला, अन्तरप्रदेश तथा अन्तराष्ट्रिय अगुवा कृषक भ्रमण संचालन गरिनेछ ।

२.१.२२. फलफूल बगैचा स्थापना कार्यक्रमलाई अभियानका रुपमा लिईने छ, एउटै जातका न्युनतम २५ विरुवाको फलफूलको बगैचा स्थापना गर्ने कृषकलाई प्रति विरुवा रु ५० का दरले विरुवा स्याहार खर्च(उत्पादनका आधारित प्रोत्साहन) उपलब्ध गराईने छ ।



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

२.१.२३. साप्ताहिक हाटबजार संचालनलाई निरन्तरता दिईने छ, साविकका ५ वटै गा. वि.स. हरुमा कृषि संकलन केन्द्र स्थापना गरिनेछ ।

२.१.२४. माटो परीक्षण गर्न बाकी रहेको क्षेत्रको माटो परिक्षण कार्यलाई निरन्तरता दिइ कृषक अधिकारका लागि विउ दर्ता गर्न र सामुदायिक विउ बैङ्क स्थापना तथा व्यवस्थापन गरिनेछ ।

२.१.२५. कृषि उपजलाई खेर जान नदिन स्थानीय स्तरमा एउटा चिस्यान केन्द्र स्थापना गरिनेछ ।

३. ग्रामीण उद्योग तथा व्यापार नीति

३.१.१. नागरिकको सेवालाई घरदैलोमा पूर्याउने उद्देश्यका साथ हाल सम्म जिल्लाका कार्यालयबाट भई रहेका १० लाख सम्मका व्यवसाय दर्ता, नविकरण र सुचिकृत गर्ने कार्यहरुका लागि आवश्यक कानुन निर्माण र बजेटको व्यवस्था गरी सेवाहरु गाउँपालिकाबाट नै सुरुवात भएको सेवालाई निरन्तरता दिइनेछ।

३.१.२. उद्योग विकास शाखा नरहरिनाथ गाउँपालिकाद्धारा संचालित गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा स्थानिय स्तरमा खेर गइरहेको स्रोत साधनलाई मध्यनजर गर्दै समुदायको मागमा आधारित उद्यमशिलताको माध्यमबाट प्राविधिक सिप विकास तालिम संचालन गर्न आवश्यक व्यवस्था मिलाइने छ ।

३.१.३. ग्रामीण स्तरमा रहेका व्यवसायहरुको सुचि तयार गरी उद्योग व्यवसायलाई उद्योग विकास शाखामा दर्ता, नविकरण तथा सुचिकृत गरी सेवा प्रवाहमा सहजताका साथै करको दायरामा ल्याइने छ ।

३.१.४. नरहरिनाथ गाउँपालिकाका ९ वटै वडामा रहेको स्रोत साधनलाई प्रयोग गरी उद्यमशिलताको माध्यमबाट रोजगारी सृजना गरी गरिवी न्युनिकरणमा सहयोग पुग्ने उद्देश्यका साथ आवश्यकता पहिचानको आधारमा १ वडा १ उद्यमको स्थापना गरिनेछ ।

३.१.५. नरहरिनाथ गाउँपालीका भित्र रहेको लघु उद्यमीहरुको सूची तयार गरी सहकारीताको माध्यमबाट उत्पादित बस्तुको बजारिकरण तथा गा.पा. स्तरमा हाटबजारको व्यवस्था मिलाइने छ ।

३.१.६. नरहरिनाथ गाउँपालीका वडा नं. ५ मा संचालित टोप्रा नेपालि हाते कागज लघु उद्यमी समुह तथा उद्योगको मागलाई मध्यनजर गर्दै आवश्यकताको आधारमा उद्योगको स्तरोन्नती उत्पादित वस्तुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा बिक्रिको दायरा बढाई रोजगारी श्रीजना गरिनेछ ।

३.१.७. नरहरिनाथ गा.पा.वडा नं. ४ मा संचालित अवस्थामा रहेको नन्दामाता अल्लो प्रशोधन तथा कपडा बुनाई सिप विकास तालिम थप स्तरोन्नती तालिम संचालान गरिनेछ ।

३.१.८. नरहरिनाथ गाउँपालिका वडा नं. ३ मा संचालन गरिएको बाँसका सामाग्री बनाउने तालिममा थप लगानी गरी वस्तुको गुणस्तरमा बृद्धी गरिनेछ ।

३.१.९. गा.पा स्तरमा रहेका व्यवसायिहरुलाई व्यवसाय सुधार तथा विस्तार र क्षमता अभिबृद्धी तालिम संचालन गरीने छ ।



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

३.१.१०. नरहरिनाथ गाउँपालिकाका सम्पुर्ण वडाहरुमा व्यवसाय दर्ता तथा नविकरणको लागि प्रत्येक वडामा २/२ दिन सिबिर संचालन गरी संचालनमा रहेका व्यवसायलाई करको दायरामा ल्याइने छ । साथै व्यवसाय संचालन गरिरहेका व्यवसायिकहरुलाई उद्यमशिलता विकास तालिम संचालन गरिनेछ ।

३.१.११. गाउँपालिका भित्र रहेका गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा संलग्न लघु उद्यमिहरुका लागि व्यवसाय सुधार तथा विस्तार र क्षमता अभिवृद्धि तालिम संचालन गर्दै स्तरोन्नति कार्यक्रममा जोड दिइने छ ।

३.१.१२. गाउँपालिकाका ग्रामीण उद्योग तथा प्रविधिको पहिचान तथा अभिलेखीकरण गरी संरक्षण गरिनेछ।

३.१.१३. जटिबुटी संकलन तथा प्रशोधन केन्द्रको सम्भाव्यता अध्ययन तथा स्थापनाका लागि आवश्यक पहल गरिनेछ।

४. पर्यटन

४.१.१. नरहरिनाथ गाउँपालिका भित्र रहेका विभिन्न पर्यटकीय स्थलहरुको पहिचान गरि आवश्यक संरचना निर्माणका लागि प्रदेश सरकार र संघीय सरकार समक्ष माग गरिनेछ ।

४.१.२. वडा नं. ७ देखि अछाम जिल्लाको रामारोशन गाउँपालिकामा रहेको पर्यटकीय स्थल रामारोशन ताल सम्म जोड्ने पर्यटकीय सडक संजाल कार्यको प्रारम्भ गरिनेछ।

४.१.३. सुनथराली देखि मान्मसम्मको केबलकारको निर्माण कार्यका लागि संघीय सरकार र प्रदेश सरकार सँग आवश्यक पहल गरिनेछ ।

४.१.४. नरहरिनाथ गाउँपालिका वडा नं ५ रुप्सा देखि अछाम जिल्लाको रामारोशन गाउँपालिकामा रहेको पर्यटकिय स्थल सम्म सडक निर्माणका लागि संघिय सरकार र प्रदेश सरकार समक्ष बजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

४.१.५. नरहरिनाथ गाउँपालिकाको सुनथराली विमानस्थल,सान्नी त्रिवेणी गाउँपालिमा पर्ने त्रिवेणी पाटल हुदै वाजुरा जिल्लाको वडिमालिका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल र पदमार्ग निर्माण कार्यको लागि संघ सरकार तथा प्रदेश सरकार र अन्य साझेदार संघ सस्थाहरु सँग आवश्यक पहल गरिनेछ।

५. साझेदारी विकास

५.१.१. गाउँपालिकाका ठूला पूर्वाधार निर्माणमा संघीय सरकार तथा प्रदेश सरकार र अन्य विकास साझेदार संघ सस्थाहरुसँग आवश्यक पहल तथा साझेदारी गरिनेछ।

५.१.२. गाउँपालिका र विभिन्न गैर सरकारी संघ संस्थाहरुबाट सञ्चालन हुने विभिन्न आयोजनाहरूको दोहोरोपना हटाउनका लागि गैर सरकारी संघ संस्थाहरु सँग आवश्यक समन्वय गरिनेछ।

५.१.३. विकास आयोजना सञ्चालनको लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र, गैरसरकारी तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्था तथा समुदायसँग आवश्यक समन्वय तथा साझेदारी गरिनेछ।



नरेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

५.१.४. वडा नं.१ देखि वडा नं ९ सम्म गठन भएका टोल विकास समितिहरुलाई क्षमता विकासका कार्यक्रमहरु संचालन गरि निर्माणका कार्यहरुमा टोल विकास संस्थाबाट निरन्तर अनुगमन तथा मुल्याङ्कन कार्य अगाडि बढाइनेछ।

६. सामाजिक विकास नीति

शिक्षा नीति

६.१.१. प्रत्येक तीन महिनामा विद्यालयहरुको अनुगमन निरिक्षण गरि सो को प्रतिवेदन समेत त्रैमासकि रुपमा सार्वजनिक गरिनेछ ।

६.१.२. शिक्षक तथा कर्मचारीहरुका लागि तालिम, पालिका स्तरिय खेलकुद मैदान, युवा सशक्तिकरण, विद्यालयहरुको सङ्ख्या मर्ज तथा समायोजन गरि गुणस्तरिय शिक्षामा प्राथमिकता, नमुना विद्यालय बनाउन बिषेश जोड, विद्यालयहरुलाई आइ.सि.टि मैत्रि बनाउन व्यवस्था गरिनेछ।

६.१.३. नरहरिनाथ गाउँपालिका वडा नं. ९ मा रहेको श्री जनप्रभात मा.वि. एवं प्राविधिक विद्यालयलाई १५ महिने कृषि बालि विज्ञानलाई ३ बर्षे बालि विज्ञान बनाउनका लागि सम्वन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

६.१.४. नरहरिनाथ गाउँपालिका भित्रका विद्यालयमा अध्ययन गरेका (कक्षा १-१० सम्म) को S.E.E मा उत्कृष्ट हुने विद्यार्थिलाई उच्च शिक्षा अध्ययनका लागि अध्यक्ष/उपाध्यक्ष सर्वोत्कृष्ट छात्रवृतिको व्यवस्था गरिनेछ ।

६.१.५. गाउँपालिका भित्रका सबै सामुदायिक विद्यालयहरुको अनुगमन तथा मुल्याङ्कन गरि उत्कृष्ट विद्यालय र उत्कृष्ट प्राधानाध्यापकलाई छनौट गरि सम्मान गरिनेछ ।

६.१.६. गाउँपालिका भित्र सबै विद्यालयहरुमा कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम परिमार्जन गरि (स्थानीय भाषा र कला संस्कृती संरक्षण र पर्वद्धन) गर्दै पठनपाठन गर्ने कार्यलाई निरन्तरता दिइने छ

६.१.७. गाउँपालिकाको कला संस्कृती जिवनशैलिमा आधारित विषयमा अनुभव आदानप्रदान गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय शैक्षिक सस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ ।

६.१.८. स्थानीय पाठ्यक्रमलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

६.१.९. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गर्न शिक्षकहरुलाई प्रविधि मैत्री सिप विकास शिक्षण कला, क्षमता विकास र असल अभ्यास शिक्षण सिकाइ आदान प्रदानका कार्यक्रम संचालन गरिनेछ ।

६.१.१०. विद्यालयमा अध्ययनरत वालवालिकाको नेतृत्व विकास गर्न बालविबाह तथा लागु पदार्थ दुर्व्यसनी नियन्त्रणका लागि बाल क्लवलाई सक्रिय बनाइने छ ।

६.१.११.

७. जनस्वास्थ्य नीति

७.१.१. नरहरिनाथ गाउँपालिकामा रहेका सम्पूर्ण प्रसुति केन्द्रहरुबाट प्रेषण भएका सुत्केरी तथा गर्गवति आमाहरुलाई निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिनेछ ।

७.१.२. स्वास्थ्य चौकी र गाउँपालिकाको कार्यालयमा स्तनपान कक्षका लगी आवश्यक पहल गरिनेछ ।



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

७.१.३. दिर्गरोगि स्वास्थ्य कार्यक्रम, बालमैत्री सेवा केन्द्र स्थापना, मनोसामाजिक परामर्श केन्द्र स्थापना साझेदारी स्वास्थ्य बिमा कार्यक्रम तथा विपेशज्ञ स्वास्थ्य शिविर कार्यक्रमका लागि आवश्यक पहल गरिनेछ ।

७.१.४. सामुदायिक महिला स्वास्थ्य स्वयं सेविकाका लागि प्रोत्साहन भत्ता र मोबाइल स्वास्थ्य कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

७.१.५. नरहरिनाथ गाउँपालिका वडा नं. ५ मा रहेको स्वास्थ्य चौकी रुप्सा र वडा नं. ६ मा रहेको स्वास्थ्य चौकी स्वास्थ्य चौकी माल्कोटमा दुर चिकित्सा सेवा कार्यक्रमका लागि बजेटको व्यवस्था गरिनेछ ।

७.१.६. विद्युतिय स्वास्थ्य सूचना अभिलेख तथा प्रतिवेदन प्रणाली **(Electronic Health Information Recording and Reporting System (EHIRRS Program in Hospital )** कार्यान्वयन गरिनेछ ।

७.१.७. नागरिकहरुलाई शारीरिक,मानसिक एवं आध्यात्मिक रुपमा स्वस्थ तथा सवल बनाई समग्र स्वास्थ्य सेवामा टेवा पुर्याउनेछ।

७.१.८. सामाजिक सद्भभावमा अभिबृद्धी गरी आफ्नो मौलिक चिकित्सा विविधको स्वतःस्फुर्त प्रयोगको माध्यमबाट असल राष्ट्रिय भावनालाई दिगो रुपमा जागृत गराई स्वास्थ्यको माध्यमबाट सामाजिक सद्भाव तथा राष्ट्रिय एकतामा टेवा पुर्याउनेछ।

७.१.९. स्वास्थ्य सेवा प्रर्वद्धन गर्न पालिका भित्रमा ९ वटै स्वास्थ्य संस्थाहरुको स्तरउन्नति गरि गाउँपालिका बासिको नियमित स्वास्थ्य जाच गर्न संचालनमा रहेका घरदैलो स्वास्थ्य जाँच कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७.१.१०. नेपालको संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य सेवालाई निशुल्क,गूणस्तरीय र सर्भसुलभ वनाई नागरीकको सहज पहुँच सुनिश्चितता गरिनेछ ।

७.१.११. योगी नरहरिनाथ आधारभूत अस्पताल र स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधी तथा औषधिजन्य सामाग्रीहरुको सहजरुपमा समयमै उपलब्धता गराईने छ।

७.१.१२. सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नका लागि भौतिक पूर्वाधार र प्रयोगशाला व्यवस्थापनमा जोड दिदै योगी नरहरिनाथ आधारभूत अस्पताललाई थप व्यवस्थित बनाइने छ ।

७.१.१३. स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदन व्यवस्थित तथ्यपरक र विश्वसनिय बनाउनका लागि आधुनिक विद्युतिय सुचना प्रविधिको प्रयोगमा जोड दिईने छ ।

७.१.१४. स्वास्थ्य बिमा कार्यक्रमको अन्लाईन विलिङ्ग प्रणालीलाई थप व्यवस्थित बनाउनका लागि बजेट विनियोजन गरिनेछ ।

७.१.१५. नेपाल सरकारका पहिलो प्रथमिकता परेका कार्यक्रमलाई व्यवस्थित गर्न सुरक्षित मातृत्व कार्यक्रम मातृ शिशु पोषण कार्यक्रम पूर्ण खोप सुनिश्चितता कार्यक्रमलाई प्रभावकारी बनाई वञ्चितिकरणमा परेका समुदायलाई स्वास्थ्य सेवाको पहुँचमा ल्याउन प्रयत्न गरिनेछ ।



नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

Scanned with CamScanner

७.१.१६. सङ्क्रामक रोग जनस्वास्थ्य विपद् र महामारीबाट स्वास्थ्यमा पर्न सक्ने असर न्यूनिकरण गर्न रोकथाम निगरानी नियन्त्रण र व्यवस्थापन गरिनेछ ।यसका लागि पूर्व तयारि प्रतिकार्य तथा पुनःस्थापना गर्न चिकित्सक सहित दुर्त प्रतिकार्य टोलि गठन र परिचालनको व्यवस्थापन मिलाइने छ

७.१.१७. नागरिक स्वास्थ्य परिक्षण कार्यक्रमलाई प्रभावकारी बनाउदै अगाडि लगिनेछ ।

७.१.१८. गाउँपालिकाबाट संचालन गरिएको एम्बुलेन्स सेवालाई निरन्तरता गर्दै सर्भसुलभ र थप व्यवस्थित गरिनेछ ।

७.१.१९. यस गाउँपालिकामा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई स्वीकृत दरबन्दी संरचना र बजेटको परिधिभित्र रही गुणस्तरीय स्वास्थ्य सेवालाई सुचारु गर्न कर्मचारीहरुको व्यवस्थापन, प्रोत्साहन तथा हेरफेर गरिनेछ ।

७.१.२०. आयूर्वेद उपचार पद्वतिलाई प्रोत्साहन र प्रवर्द्धन गर्न यस गाउँपालिकामा स्थापना भएको नागरिक आरोग्य केन्द्रको पूर्वाधार विकास र सुदृढिकरणमा जोड दिईनेछ। योग शिविर संचालन तथा मानसिक रोग व्यवस्थापनलाई समेत प्राथमिकतामा राखिने छ ।

७.१.२१. गाउँपालिका क्षेत्रभित्र परम्परागत औषधिजन्य जडिबुटिको संरक्षण आयूर्वेद औषधि प्रर्वद्धन र प्रशोधनका कार्यहरु संचालनका लागि आवशयक पहल गरिनेछ ।

७.१.२२. छरिएर रहेका वस्तिहरुमा स्वास्थ्य सेवा प्रवाह गर्न एकिकृत स्वास्थ्य शिविर संचालन गरि नसर्ने रोगको पहिचानमा जोड दिदै उपचार पद्वतिमा समेटिने छ।

७.१.२३. मातृ तथा नवशिशु मृत्यूदर लाई उल्लेखनिय रुपमा घटाई दिगो विकास लक्ष्य पूरा गर्नको लागि ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रमलाई सुदृढिकरण गरि प्रत्येक गर्भवतिले ३ पटक सम्म निशुल्क भिडियो एक्स रे गरि समस्या पहिचान भएका गर्भवति तथा सुत्केरीलाई प्रेषणको व्यवस्थापन गरिनेछ।र प्रसुति केन्द्रको विस्तार र व्यवस्थित गरिनेछ ।

७.१.२४. सुरक्षित मातृत्व बाल स्वास्थ्य पोषण खाद्य स्तरोन्नति लगायत प्रवर्द्धनात्म प्रतिकारात्मक उपचारात्मक र पुनर्स्थापनाका कार्यक्रम तथा प्राणघातक रोग क्यान्सरबाट जोगाउन गाउँपालिका भरि स्कृनिङ्ग शिविर र महिलाहरुमा देखिने गरेको पाठेघर मुखकको क्यान्सर रोकथाम गर्न स्कृनिङ्ग तथा खोप अभियानलाई गाउँपालिकामा विस्तार गरिनेछ ।

७.१.२५. यस नरहरिनाथ गाउँपालिकामा संचालनमा रहेका नीजी मेडिकल क्लिनिकहरुको नियमन गरी नियमानुसार दर्ता गरि करको दायरामा ल्याउन पहल गरिनेछ ।

७.१.२६. स्वास्थ्य संस्थाहरुको प्रभावकारी सेवा विस्तारका लागि सार्वजनिक संस्था निजि क्षेत्र गैर सरकारी संस्थाहरुसँग सहकार्यको नीतिलाई निरन्तरता दिइनेछ ।

## ८. पोषण मैत्री स्थानीय शासन प्रवर्द्धन नीति

८.१.१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था तथा नेपाल सरकारको बहुक्षेत्रीय पोषण योजना तेस्रोको लक्ष्य, उद्देश्य कार्यान्वयन गर्दै मानव जीवनचक्रमा पोषणको अवस्था सुधारको लागि पोषण विशेप तथा पोषण संवेदनशील सेवाको उपलब्धता, गुणस्तर सुधार तथा समतामूलक पहुँच र उपभोगको



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

सुनिश्चितता गर्ने लक्षित वर्ग केन्द्रीत पोषण सुधारका अभियान सञ्चालन गरी पोषणमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्दै आगामी ३ वर्ष भित्र गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्ने गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।

८.१.२. नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानको अवला स्थानीय तहबाट समेत थप श्रोत विनियोजन गरिनेछ ।पोषणमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि आवश्यक बजेटको व्यावस्थापन गरिनेछ ।

९. खानेपानी तथा सरसफाइ नीति

९.१.१. गाउँपालिकामा रहेका सम्पूर्ण मुहानहरु गाउँपालिकामा दर्ता तथा नविकरण गर्ने कार्य निरन्तरता, राष्ट्रिय सरसफाई तथा स्वच्छता नीति अनुसार ऐन र कार्यविधी निर्माण र एक घर एक धारा नीतिलाई अवलम्वन गरिनेछ ।

९.१.२. स्वच्छ र सुरक्षित खानेपानी उपभोग गर्ने नागरिकको हकलाई प्रत्याभुत गर्नका लागि खानेपानी परिक्षण को ब्यबस्था गरिनेछ ।

९.१.३. खानेपानी बाट बञ्चित सबै टोलहरुमा खानेपानीको व्यवस्था गर्नका लागि केन्द्र सरकार,प्रदेश सरकार,राष्ट्रिय तथा अन्तराष्ट्रिय गैससहरु सँगको साझेदारीलाई निरन्तरता दिइने छ ।

९.१.४. गाउँपालिकालाई पूर्ण सरसफाईयुक्त बनाउन गैर सरकारी संघ संस्थाहरु सँग समन्वय गरि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरेर नागरिकहरुको चेतना अभिवृद्धि गरिनेछ ।

९.१.५. मूलाधार क्षेत्रको पहिचान गरि पानिका मुहानहरु संरक्षण गरि सुकेका पानीका मुलहरु पुनःपहिलेकै अवस्थामा फरकाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

९.१.६. बतासे देखि पाल्त नाव काफलपाटा बसन्तपुर खानेपानी आयोजनाको डिपिआर गराई योजना कार्यान्वयनको लागि संघीय सरकार ,प्रदेश सरकार र अन्य विकासे साझेदार संघ सस्थाहरुसँग साझेदारी गरिनेछ ।

९.१.७. उपायाडाँडा भौतेखोला भण्डारा तुर्के खोला डिके सम्मको खानेपानी आयोजनालाई निरन्तरता दिइ संघीय सरकार ,प्रदेश सरकार र अन्य विकासे साझेदार संघ सस्थाहरुसँग साझेदारी गरिनेछ ।

१०. संस्कृति तथा सम्पदा नीति

१०.१.१. नरहरिनाथ गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ।

१०.१.२. यस नरहरिनाथ गाउँपालिकाको सास्कृति विविधता जगेर्ना गर्दै पालिका भित्र बसोबास गर्ने विभिन्न जातजाति र समुदायमा साँस्कृतिक सम्पदाको पहिचान र विकास गर्न आवश्यक पहल गरिनेछ ।

१०.१.३. यस गाउँपालिका भित्रको सांस्कृतिक संरक्षण गर्दै नाट्यकला, ललितकला, हस्तकला, संगित कला, लोक साहित्य, वाल साहित्यको विकास गर्दै डिजिटल लाइवेरी र साहित्य कला केन्द्रका साथै योगी नरहरिनाथ प्रज्ञा प्रतिष्ठानको स्थापना गरिनेछ ।

१०.१.४. नरहरिनाथ गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँक्रि सहित प्रदर्शन गरि राष्ट्रिय लोकबाजाको संरक्षण गर्ने नीति लिइनेछ।



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

१०.१.५. गाउँपालिकाका ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सांस्कृतिक सम्पदाको पहिचान तथा संरक्षणको लागि तथ्याङ्क संकलन तथा अभिलेखीकरण गरि प्रकाशित गरिनेछ ।

१०.१.६. नरहरिनाथ गाउँपालिकाको प्रशासकीय भवनको प्राङ्गणमा राष्ट्र गुरु योगी नरहरिनाथको शालिक निर्माण गरिनेछ ।

११. महिला बालबालिका, तथा जेष्ठ नागरिक समाज कल्याण ईकाइ

११.१.१.१. बालबालिकाका लागि उपयुक्त स्थानमा बाल उद्यान निर्माण र लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण रणनीतिलाई कार्यान्वयन गरिनेछ। साथै किशोर किशोरी केन्द्रित विभिन्न कार्यक्रम संचालन र व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

११.१.१.२. महिलाहरुलाई सशक्तीकरण गर्दै मूलप्रवाहिकरण, सीप विकास तथा आय आर्जन मुलक र नेतृत्व तहमा पुग्नको लागि आवश्यक पर्ने क्षमता विकास कार्यक्रम संचालन गरिनेछ ।

११.१.१.३. प्रत्येक वडामा रहेका सञ्चालन गरिनेछ

११.१.१.४. बाल क्लबका पदाधिकारीहरुलाई क्षमता विकास तालिम र बालविबाह, छिटो विवाह र जवर्जस्ती विवाह अन्त्यको लागि किशोर किशोरीलाई अभिमूखिकरण कार्यक्रम संचालन गरिनेछ।

११.१.१.५. बालश्रममुक्त स्थानीय तह,बालमैत्रि स्थानिय तह घोषणा कार्यक्रमलाई विशेष अभियानको रुपमा संचालन गरिनेछ ।

११.१.१.६. यस नरहरिनाथ गाउँपालिकामा जोखिममा रहेका बालबालिकाको तथ्यांक संकलन गरि उद्धार गरि पुनर्स्थापन गरिनेछ ।

११.१.१.७. यस नरहरिनाथ गाउँपालिकामा रहेका अपाङ्गता भएका बालवालिकालाई अपाङ्गता पहिचान गरि पुनर्स्थापना गरिनेछ ।

११.१.१.८. यस गाउँपालिकाको प्रत्येक वडामा गइ अपाङ्गता व्यक्तिको अपाङ्गता पहिचान गरि क्षमता विकासको कार्यक्रम गरिनेछ ।

११.१.१.९. ग र घ वर्ग परिचय पत्र पाएका अपाङ्गता बालवालिकालाई आर्थिक सहायता प्रधान गरिनेछ ।

११.१.१.१०. यस गाउँपालिकामा रहेका अपाङ्गता बालबालिकाको उपचार गर्न अपाङ्गता कोषको व्यवस्था गरिनेछ ।

११.१.१.११. यस गाउँपालिकामा रहेका अपाङ्गता बालबालिकाको अपाङ्गता पहिचान गरी उपचार सहायक सामाग्री, कृतिम अङ्ग उपलब्धको लागि पहल गरिनेछ ।

११.१.१.१२. ग वर्ग परिचय पत्र पाएका अपाङ्गता भएका व्यक्तिलाई जिविकोपार्जन सम्बन्धी कार्यक्रम, अपाङ्गता भएका व्यक्तिलाई आवश्यक उपचार, अपाङ्गता परिचय पत्र वितरणको लागि घुम्ति शिविर सञ्चालन गरिनेछ।

११.१.१.१३. लक्षित समुदायका लागि सीप मुलक तालिमको व्यवस्था गरिनेछ ।

**पूर्वाधार विकास**



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

१२. सडक पूर्वाधार सम्बन्धी नीति

१२.१.१. नरहरिनाथ गाउँपालिका बासिहरुलाई निरन्तर रुपमा सहज यातायातको पहुँजमा पुर्याउनका लागि सडक निर्माण तथा सुधारका कार्यहरू गर्नका लागि यसै आर्थिक बर्ष भित्र सडक एम्बुलेन्सको व्यस्था गरिनेछ।

१२.१.२. गाउँपालिकाको सडक गुरुयोजना र गाउँपालिका भित्र भएका सम्पूर्ण पूर्वाधारहरुको डीजिटल प्रोफाइल तयार गरि एकिकृत विवरण संकलन गरिनेछ ।

१२.१.३. लालीघाट हुदै गाउँपालिकाको केन्द्र सम्म जोड्ने सडक र खुलालु हुदै लालु र माल्कोट सम्मको सडकको स्तरोउन्नति गरिनेछ ।

१२.१.४. हरेक समुदाय देखि विद्यालय सम्म घोरेटो बाटोहरुको स्तरवृद्धि गरि PCC गरिनेछ।

१२.१.५. नरहरिनाथ गाउँपालिकाको निर्माणाधिन अवस्थामा रहेको रिङ्गरोडको कार्यलाई तिव्र रुपमा अगाडी बढाइ सबै वडाहरुलाई गाउँपालिका सँग जोडिइनेछ ।

१२.१.६. हाल निर्माणाधिन अवस्थामा रहेका विभिन्न सडक तथा पर्यटकीय मार्ग निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१२.१.७. गाउँपालिका अन्तर्गत रहेका अपुरा सडक तथा अन्य योजनाहरुलाई पुरा गर्न आवश्यक वजेटको व्यवस्थापन गरिनेछ।

१२.१.८. विश्वकुना देखि तलकोट लामाराइटा सर्गा हुँदै वडा नं ५ रुप्साको चुनासम्मको सडक निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१२.१.९. पडाघट्ट देखि लामाराइटा सम्म सडक निर्माणका आवश्यक पहल गरिनेछ ।

१२.१.१०. गानेचौर देखि बसन्तपुर सम्म सडक निर्माणका लागि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ।

१३. सूचना तथा संचार सम्बन्धी नीति

१३.१.१. सर्वसाधारणलाई सेवा प्रदान गर्ने वा जनसम्पर्क कायम गर्ने प्रत्येक सरकारी कार्यालयले त्यस्तो कार्यालयको परिसरभित्र सबैले देख्ने उपयुक्त ठाउँमा नागरिक वडापत्र राख्नु पर्ने कानुनी व्यवस्था रहेको हुदाँ नागरिकहरुलाई सहजताका लागि प्रशासकीय भवनमा डीजिटल नागरिक वडा पत्र र डिजिटल वोर्डका लागि आवश्यक वजेट विनियोन गरिनेछ।

१३.१.२. नहरिनाथ गाउँपालिकामा सूचना प्रविधि सम्बन्धी सेवाका साथै ईन्टरनेट सेवा प्रदायक (Internet Service Provider) बिच स्वस्थ/खुला प्रतिस्पर्धाको वातावरण सृजना गरि समयानुकुल सूचना तथा गुणस्तरिय सेवा प्रवाह गर्न गाउँपालिका, वडा नं. १,२,३,८ र ९ स्वास्थ्य संस्थामा अप्टिकल फाइबर (Optical Fiber) को जडान गरेर सेवा ग्राहीलाई सहजता पुर्वक सेवा पुर्याइने छ ।

१३.१.३. नागरिकहरुको गुनासो, प्रतिक्रिया र अन्य केही सुझावहरु गाउँपालिकाको वेभसाइट www.naraharinathmun.gov.np मार्फत प्रदान गर्ने व्यवस्था गरिनेछ ।



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

१३.१.४. आर्थिक बर्ष २०८१/०८२ श्रावण महिना देखि गाउँपालिका र गाउँपालिका अन्तर्गतका वडा नं.१ देखि वडा नं. ९ र स्वास्थ्य संस्थाहरुमा ई-हाजिरी खरिद गरि जडान गरि सेवालाई थप प्रभावकारी गरिनेछ ।

१३.१.५. आर्थिक बर्ष २०८०/०८१ सम्म खरिद गरिएका विभिन्न सफ्टवयेर सञ्चालनका गर्नका लागि आवश्यक बजेट विनियोजन गरि सूचना प्रविधि सम्बन्धी वडा सचिव र शाखा प्रमुखहरुलाई ५ दिने क्षमता विकास तालिमको व्यवस्था गरि पूर्ण रुपमा सञ्चालनमा ल्याइने छ ।

१३.१.६. यस नरहरिनाथ गाउँपालिकामा सेवा ग्राहीलाई सहजताका लागि गाउँपालिका र वडा कार्यलयमा डिजिटल नागरिक वडापत्रको व्यवस्थापन गरिनुका साथै नागरिकहरुलाई थप जानकारी लिनका लागि टोल फ्री नम्बरको व्यवस्थापन गरिनेछ ।

१३.१.७. यस गाउँपालिकामा यस पूर्व संचालन गरिएका सम्पुर्ण सफ्टवयेरहरु नविकरण गर्नु पर्ने भए नविकरण गर्ने र अन्य सफ्टवयेरहरुलाई चुस्तदुरुस्त रुपमा नयाँ आर्थिक बर्षबाट संचालनमा ल्याइ सेवा ग्राहीहरुलाई सेवा प्रदान गरिनेछ ।

१३.१.८. यस नरहरिनाथ गाउँपालिका अन्तर्गत रहेका नेपाल टेलिकमको टावरमा हुने समस्याको समाधानका लागि आवश्यक पहल गरिनेछ ।

१३.१.९. गाउँपालिकावासीको सूचनाको हक सुनिश्चित गर्दै कर्णाली प्रदेशमै पहिलो सूचनामैत्री पालिका नरहरिनाथ गाउँपालिकालाई बनाउने उद्देश्यले मूख्य स्थानहरुमा स्थान जानकारी पाटी **Location Information Board** तथा **GIS Map** को व्यवस्था गरिनेछ ।

१४.उर्जा विकास सम्बन्धी नीति

१४.१.१. नेपाल विद्युत प्राधिकरणको राष्ट्रिय प्रशारण लाइन हाल सम्म वडा नं. १, २, ३, ४, ६, ८ र ९ मा संचालनमा रहेको लाइनलाई सबै वडाहरुमा विस्तार गर्नका लागि नेपाल विद्युत प्राधिकरण सँग समन्वय तथा सहकार्य गरेर यसै आर्थिक वर्षमा राष्ट्रिय विद्युत प्रशारण लाइन सबै वडामा विस्तार गरि नागरिकलाई विद्युतको पहुँचमा पुर्याइने गरिनेछ ।

१४.१.२. नरहरिनाथ गाउँपालिका वडा नं. ७ मा सञ्चालनमा रहेको उच्छवखोला जलविद्युत आयोजनाको विस्तारका लागि आवश्यक थप बजेट व्यवस्थापन गरिनेछ।

१४.१.३. वैकल्पीक ऊर्जा प्रर्वद्धन केन्द्रसँग आवश्यक पहल गरी यस गाउँपालिकामा रहेका स्वास्थ्य संस्था शैक्षिक संस्थाहरुमा सौर्य ऊर्जा मागका लागि आवश्यक पहल गरिनेछ ।

१५.भवन निर्माण नीति

१५.१.१. गाउँपालिकाको भवन निर्माण तथा घर नक्सा नियमन सम्बन्धी कार्यविधि २०७९ बमोजिम तोकिएका क्षेत्रमा भवन निर्माण तथा घर नक्सा पास गर्दा यसै आर्थिक बर्ष देखि अनुमति दिने कार्य सुचारु गरिनेछ।



नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

Scanned with CamScanner

१५.१.२. सबै सामुदायिक विद्यालय र सार्वजनिक सस्थाहरुमा अपाङ्गमैत्री, लैङ्गिक तथा बालमैत्री शौचालयको निर्माण गरि संचालनमा ल्याइने छ ।

१५.१.३. वडा कार्यालय निर्माण भई सकेका वडा कार्यालयबाट चुस्त दुरुस्त सेवा प्रवाह गर्नुका साथै वडा कार्यालयको भवन निर्माण नभएका वडा कार्यालयका लागि प्रदेश सरकार समक्ष बजेट व्यवस्थापनका लागि माग गरिनेछ ।

१५.१.४. सामुदायिक विद्यालयहरुको आवश्यकतालाई मध्येनजर गर्दै भौतिक पूर्वाधारको व्यवस्थापनका लागि संघिय सरकार र प्रदेश सरकार समक्ष बजेटका लागि पहल गरिनेछ ।

१५.१.५. गाउँपालिका प्रशासकीय भवनको निर्माण कार्य आगामी आ.व. २०८१।८२ मा सम्पन्न गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरि कार्य सम्पन्न गरिनेछ ।

## १६. रोजगार सेवा तर्फ नीति

१६.१.१. यस नरहरिनाथ गाँउपालिकामा रहेका व्यप्त वेरोजगारीलाई कम गर्न र आन्तरीक रोजगारी सिर्जना गर्न नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्धारा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम र कर्णाली प्रदेश सरकारद्धारा सञ्चालित मूख्यमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी तथा थप रोजगारी सिर्जना गर्नका लागि आवश्यक साझेदारी वजेटको व्यस्था गरिनेछ ।

१६.१.२. नरहरिनाथ गाँउपालिका रोजगार सेवा केन्द्रमा सूचिकृत वेरोजगार व्यक्तिहरुको ज्ञान, सीप, योग्यता,अनुभव र बजारको मागका आधारमा आवश्यक तालिम केन्द्रहरुमा सिफारिस गरी रोजगार तथा स्वरोगार गरिने कार्यमा जोड दिइनेछ ।

१६.१.३. संघ तथा प्रदेश सरकारले ल्याएका रोजगारीमुलक कार्यक्रमको अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तारका र आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय नीजि क्षेत्र, सहकारी क्षेत्र तथा गैह सरकारि संघ संस्थाहरु सँग समन्वय र साझेदारीका कार्यक्रम मार्फत थप रोजगारी सिर्जना गरिनेछ ।

१६.१.४. श्रमको सम्मान राष्ट्रको अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरि रोजगारीको प्रवद्धनमा लागि श्रम प्रतिको सम्मान गर्ने सँस्कृतिको विकास गर्ने नीति लिइनेछ ।

१६.१.५. रोजगार सेवा केन्द्रमा सूचिकृत वेरोजगार व्यक्तिहरुलाई प्राथमिकताका आधारमा क्रमशः न्यनतम एक सय दिन वरावरको रोजगारी र कार्यस्थलमा आधारीत सीप/क्षमता विकास तालिम र जीवन उपयोगी सीप तालिम प्रदान गरिनेछ ।

१६.१.६. वैदेशिक रोजगारबाट फर्किएका श्रमिकहरुको अनुभव र सीपको पहिचान गरी स्वरोजगारमुलक कार्यमा संलग्न गराउन पहल गरिनेछ ।

१६.१.७. स्थानीय स्रोत साधन तथा उत्पादनमा आधारीत उद्योग स्थापना तथा प्रभावकारी संञ्चालनका लागि प्रविधि हस्तान्तरणका कार्यक्रम संचालन गरि थप रोजगारी तथा स्वरोजगारका अवसर सिर्जना गरिनेछ ।



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

१६.१.८. मानव स्रोत साधानद्धारा सम्भव हुने पालिकाका भित्रको योजना तथा आयोजनाहरु संचालन गर्दा सूचिकृत बेरोजगार व्यक्तिहरुद्धारा मानव श्रम शक्तिको अधिकत्तम प्रयोग गरि कामका लागि पारिश्रमिक आयोजनाको रुपमा कार्यान्वय गरि छोटो अबधिको रोजगारी सिर्जना गरिनेछ।

१६.१.९. वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्न वैदेशिक रोजगार विभाग र श्रम कार्यालयबाट प्रदान गरिदै आएको श्रम स्वीकृति र पुनःश्रम स्वीकृति प्रदान गर्न पालिकाबाट समन्वय र सहकार्य गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१७. वन वातावरण तथा विपद् व्यवस्थापन नीति

१७.१.१. वातावरणीय प्रदुषण गरी स्वच्छ वातावरण कायम राख्न प्रयावरणमैत्रि विकास कार्यक्रम संचालन गरिनेछ

१७.१.२. प्राकृतिक प्रकोप न्यूनिकरण गर्न र प्राकृतिक प्रकोपबाट पिडितहरुलाई व्यवस्थापन गर्नका लागि नरहरिनाथ गाँउपालिकामा प्रकोप व्यवस्थापन कोषको स्थापना गरिनेछ उक्त कोषमा रहेको रकम प्रकोप व्यवस्थापन विशेष कोष विनियामावलि तयार गरि सोही अनुसार खर्च गरिनेछ।

१७.१.३. भु-क्षय तथा प्राकृतिक प्रकोपको दृष्टिकोणबाट संवेदनशील मानिएका क्षेत्रमा प्रकोपको जोखिमलाई व्यवस्थापन योजना तर्जुमा गरि कार्यन्वयनमा जोड दिइनेछ।

१७.१.४. यस नरहरिनाथ गाउँपालिमा रहेका प्रत्येक वडाहरुमा खोज तथा उद्धारका सामाग्रीहरुको व्यवस्थापन गरिनेछ।

१७.१.५. गाउँपालिकामा निर्माण भइसकेको स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजना पूर्ण रुपमा कार्यन्वयन र विपद् जोखिम न्युनिकरणका निम्ति भौतिक पुर्वाधारले मात्र सम्भव नभएका कारण वायोइञ्जिनियरिङको अवधारणालाई अवलम्वन गरिनेछ।

१७.१.६. नरहरिनाथ गाँउपालिकामा रहेका सामुदायिक वन तथा राष्ट्रिय वनमा रहेका काष्ठ पैदावर तथा गैरकाष्ठ वन पैदावर( जडिबुटि)को वैज्ञानिक ढंगले सदुपयोग गरि प्राप्त मुनाफको न्यायचित वितरण गर्न, जैविक विविधता र लोपोन्मुख वन्यजन्तुको अवैध शिकारमा नियन्त्रण गरि पर्यापर्यटनको अवधारणालाई प्रवर्धन गर्न तथा वन ऐनमा स्थानिय सरकारको क्षेत्राधिकारभित्र रहेको सहरी वन र निजि वनको अवधारणलाई स्थानियकरण गर्न, विकास तथा वातावरणको सन्तुलन कायम गर्न वातावरण ऐनमा रहेको वातावरणीय अध्ययन प्रतिवेदनलाई स्थानियकरण गर्न तथा विपद्को जोखिम न्युनिकरण गरि आपतकालिन प्रतिकार्य तथा पुनर्निर्माणका कार्यलाई थप प्रभावकारी वनाउन यस पालिकामा छुट्टै वन, वातावरण तथा विपद् व्यस्थापन शाखाको स्थापना गरिनेछ।

१७.१.७. दिगो विकासका लक्ष्यहरुलाई आत्मसाथ गर्दै वन,वातावरण तथा जलवायु परिवर्तका अनुकुलनता कार्यहरु अवलम्वन गर्नुका साथै जैविक विविधताको संरक्षण गरिनेछ।

१७.१.८. गाउँपालिका भित्र रहेका सार्वजनिक जग्गाको लगत संकलन गरि करको दायारा विस्तार गरिनेछ।

१७.१.९. वन स्रोतको संरक्षण,व्यवस्थापन तथा सदुपयोगबाट स्थानिय समुदायको सहभागिता अभिवृद्धि गर्दै वन पैदावरबाट प्राप्त राजस्वले गाँउपालिकाको आर्थिक विकासमा योगदान पुर्याईनेछ।



नगेन्द्र बहादुर [illegible]
अध्यक्ष

Scanned with CamScanner

१७.१.१०. खाना पकाउन दाउराको खपत कम गर्न विधुतिय चुलो, गोबरग्याँस, ग्यास चुलो बारे जनचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।

१७.१.११. गाँउपालिकाका सबै बडाहरुमा रहेका सामुदायिक वनहरुलाई संरक्षण गर्नका लागि सामुदायिक वन उपभोक्ता समिति गठन गरि क्षमता विकास गरिनेछ।

१७.१.१२. नरहरिनाथ गाउँपालिकाको वन ऐन २०८० अनुसार सबै बडाहरुमा रहेका सामुदायिक वनहरुलाई संरक्षण गर्नका लागि सामुदायिक वन उपभोक्ता समिति गठन गरि उपभोक्ता समितिको क्षमता विकास गरिनेछ।

१८. संस्थागत विकास तथा सुशासन नीति

१८.१.१. नागरिकहरुको काममा छिटो तथा छरितो सेवा प्रवाह गर्नका लागि कर्मचारी र जनप्रनिधिहरुको क्षमता विकास गर्नका लागी आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ ।

१८.१.२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा ३ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम नरहरिनाथ गाउँपालिका र गाउँपालिका अन्तर्गत रहेका शाखा र वडा कार्यालयहरुबाट सम्पादन गरिएका कामहरुको त्रैमासकि प्रगति प्रतिवेदन तयार गरि तिन/तिन महिनामा गाउँपालिकाको वेभसाईटमा स्वतःप्रकाशन गरि नागरिकको सुसुचित हुन पाउने सूचनाको हकको प्रत्याभुति गरिनेछ।

१८.१.३. नरहरिनाथ गाउँपालिका र गाउँपालिका अन्तर्गत स्वास्थ्य संस्था र वडा कार्यालयहरुमा सूचना प्रविधि विभागसँग समन्वय र सहकार्य गरि ई-हाजिरि जडान गरि पूर्ण रुपमा संचालनमा ल्याउनका लागी आवश्यक समन्वय तथा सहजिकरण गरिनेछ।

१८.१.४. करदाता शिक्षा, राजश्व शिविर सञ्चालन तथा बजार अनुगमण कार्य प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१८.१.५. स्थानीय आर्थिक विकास रणनीति तर्जुमा गरि पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

१८.१.६. नरहरिनाथ गाउँपालिकाको स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(Local Government Self-Assessment LISA)** मा लेखीएका कमजोर र सबल पक्षको पहिचान गर्दै कार्ययोजना निर्माण गरी गरी संस्थागत सुधारलाई निरन्तरता दिइनेछ ।

१८.१.७. गाउँपालिकाको स्वीकृत दरवन्दीमा रिक्त रहेका पदका लागि स्थायी कर्मचारी पदपूर्तीको लागि प्रदेश लोक सेवा आयोग कर्णाली पर्देशमा माग गरिनेछ।

१८.१.८. आर्थिक, सामाजिक र साँस्कृतिक विकासमा विशेष योगदान पुऱ्याउने व्यक्तित्वहरुलाइ सम्मान र पुरस्कृत गर्ने नीतिलाइ महत्व दिइने छ।



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

१८.१.९. गाउँपालिकाको क्षेत्राधिकारभित्र क्रियाशिल गैरसरकारी संघसंस्थाको कार्यक्रमलाई प्रभावकारी वनाउन अनिवार्य रुपमा गाउँपालिकाको बजेट सिमाभित्र समावेश गर्ने नीति अवलम्वन गरिनेछ।

१८.१.१०. सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक सन्तुष्टी सर्वेक्षण जस्ता सुशासन प्रवर्द्धनका औजारहरुको प्रयोगलाई निरन्तरता दिइनेछ ।

१८.१.११. गाउँपालिकाले प्रदान गर्ने सेवामा **First come First Service** को नीतिलाई अवलम्बन गरिनेछ।

१८.१.१२. गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा रहेको न्यायिक समितिलाई थप प्रभावकारी बनाउन आवश्यक क्षमता विकास तालिमको व्यवस्थापन गरी मुद्दाहरूलाई यथाशीघ्र फछ्र्यौट गर्ने व्यवस्था मिलाइनेछ ।

१८.१.१३. सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनको कार्यलाई सरल सहज र नागरिकको पहुँचयोग्य वनाइने छ ।

१८.१.१४. मानवअधिकार कार्ययोजना निर्माण कार्यान्वियन प्रभावकारी रुपमा गर्न संस्थागत प्रबन्ध मिलाइनेछ ।

१८.१.१५. यस आर्थिक बर्षको कार्यालयमा विनियोजन गरिने बजेटलाई सम्वन्धित वडाको जनसंख्या, भुगोल, राजश्वको क्षमता, विकासको अवस्था तथा आवश्यकता समेतको आधारमा बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ।

१८.१.१६. **NGO Help Desk** को स्थापना गरि थप प्रभावकारी रुपमा समन्वय तथा सहकार्य गर्नका लागी गाउँपालिकामा कार्यरत कुनै एक जना कर्मचारीलाई **NGO Focal Person** को रुपमा तोकिनेछ ।

१८.१.१७. नरहरिनाथ गाउँपालिका वडा नं १ अन्तर्गत लालीघाट देखि गाउँपकालिको केन्द्र सम्म संचालनमा रहेका र खुलालु देखि वडा नं. ९ सम्म संचालनमा रहेका यातायातका साधनहरुको भाडादर कायम गर्न आवश्यक पहल गरिनेछ ।

१.१.१. सेवा केन्द्रका रुपमा सेवा प्रवाह गरिरहेका वडा कार्यालयहरुको काम कारवाहिलाई थप प्रभावकारी र अधिकार सम्पन्न बनाउन थप कर्मचारी भौतिक पूर्वाधार तथा आवश्यक स्रोत साधनको व्यवस्था मिलाइने छ ।

१.१.२. यस गाउँपालिका भित्र रहेका वडा कार्यालय र अन्य शाखा तथा उप शाखाहरुवाट खरिद गरिने सम्पूर्ण सामाग्रीहरु सार्वजनिक खरिद ऐन/नियमावली बमोजिम सम्बन्धित कार्यालय वा शाखाहरुवाट खरिद प्रकृया अगाडी वढाइनेछ ।

२. <u>सामाजिक सुरक्षा तथा व्याक्तिगत घटना दर्ता</u>

२.१. सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई प्रभावकारी र पार्दशिक वनाउन वास्तविक लाभग्राही सुनिश्चितताका लागि राष्ट्रिय परिचयपत्र नम्वर अद्यावधिक गरी अनिवार्य रुपमा वायोमेट्रिक भेरिफिकेशन गर्नका लागि वायोमेट्रिक Scanner डिभाइसवाट सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहिहरु नविकरण गरिनेछ



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

२.२. प्रत्येक वर्ष वैशाख पहिलो साता मनाइने व्याक्तिगत घटना दर्ता सप्ताहलाइ निरन्तरता दिदै व्यक्तिगत घटना दर्ता प्रणालीलाई सतप्रतिशत अनलाइनमा दर्ता गर्न वडा टोलमा व्यक्तिगत घटना दर्ता सम्वन्धी जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

२.३. सामाजिक सुरक्षा भत्तालाइ थप प्रभावकारी र सहज ढंगबाट वितरण गर्न गाउँपालिका सँग सम्झौता साझेदार बैंक संग अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ।

२.४. सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहिहरुको राष्ट्रिय परिचयपत्र नम्बर अद्यावधिक गरि वायोमेट्रिक डिभास लगाएत आवश्यक काम प्रति कार्यकुशलता तथा दक्षता बृद्धि गर्नको लागि सम्वन्धित वडाका स्थानिय पञ्जिकाधिकारीहरुलाई क्षमता विकास तालिमको व्यवस्था गरिनेछ ।

३. राजश्व तथ वित्त व्यवस्था सम्बन्धी नीति

३.१. आन्तरिक राजश्व संकलनलाई प्रभावकारी बनाई आत्मनिर्भर गाउँपालिका बनाउनतर्फ उन्मुख हुंदै करको दायरा फराकिलो बनाइने र कर प्रणालीलाई व्यवस्थित बनाउन **Digital Tax Policy** अवलम्वन गरिनेछ ।

३.२. राजश्व सम्बन्धी जनचेतना अभिवृद्धिको लागि स्थानीय संञ्चार माध्ययम र व्यापक प्रचार प्रसार गरिनुका साथै सूचना तथा होडिङ्ग बोर्डको व्यवस्था मिलाइनेछ ।

३.३. गाउँपालिका, अन्य वडा कार्यालय र शाखाबाट कर चुहावटलाई न्यूनीकरण कम गर्न सफ्टवयेर स्थानीय सञ्चित कोषमा राजश्व व्यवस्थापन मोड्युल (SuTRA) अनिवार्य लागु गरिनेछ ।

३.४. आन्तरिक राजस्व अनुगमन, मूल्यांकन तथा संकलन प्रणाली व्यवस्थित गराउन राजश्व परामर्श समितीको क्षमता अभिवृद्धी सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

३.५. ढुङ्गा, बालुवा, गिट्टी र प्राकृतिक स्रोत कानुन बमोजिम संकलन गर्ने कार्यलाई व्यवस्थित रुपमा संचालन गरी नियमितरुपमा अनुगमन गरिनेछ ।

आदरणीय गाउँसभा सदस्यज्यूहरु,

आगामी आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम निर्माण गर्दा गाउँपालिकाले निम्न विषयहरुलाई आधारको रुपमा लिएको व्यहोरा यहाँ प्रस्तुत गर्न चाहन्छुः

क. नेपालको संविधान २०७२ (राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु)

ख. स्थानीय सरकार संचालन ऐन, २०७४

ग. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४



नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

Scanned with CamScanner

घ. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) २०७७

ङ. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६

च. नेपाल सरकारको नीति तथा कार्यक्रम र वर्तमान वजेट

छ. प्रदेश सरकारको नीति तथा कार्यक्रम र वर्तमान बजेट

ज. स्थानीयतहको बजेट तर्जुमा दिग्दर्शन, २०७८

झ. गाउँपालिकाका ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड

ञ. नेपाल सरकारको पन्ध्रौं योजना

ट. दीगो विकास लक्ष्य २०१६-२०३०

ठ. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदनहरु

ड. गाउँपालिको आवधिक योजना २०७९-८४

ढ. गाउँपालिकाको भू उपयोग योजना, २०७९

ण. नरहरिनाथ गाउँकार्यपालिकाका सबै विषयगत समितिबाट प्राप्त सुझावहरु तथा निर्णयहरु,

त. नीति तथा कार्यक्रम र बजेट निर्माणका क्रममा आयोजना गरिएका छलफल कार्यक्रमका विषयहरु

अन्तमा, नरहरिनाथ गाउँपालिकालाई जनअपेक्षा अनुरुपको प्रभावकारी स्थानीय सरकारको रुपमा विकास गर्न आवश्यक प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउने नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रिय गाउँपालिका महासंघ, विकास साझेदारहरु, जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधीहरू, राजनीतिक दलहरू, कर्मचारीहरू, शिक्षक, बुद्धिजीवी, आम नागरिक, सुरक्षाकर्मी, पत्रकार, गैरसरकारी संघसंस्थाहरू लगायत सम्पूर्णमा विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु।

धन्यवाद ।।।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष
नरहरिनाथ गाउँपालिका



Scanned with CamScanner